नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(स्थानीय तह समन्वय शाखा)

सिंहदरबार, काठमाडौं।

फोन नं: ०१-४२००५११

प सं: ०७६/७७
च नं: ३६२

मिति: २०७६।११।३०

विषय: **स्थानीय तहको सहजीकरणको लागि प्रदेशगत रुपमा फोकल पर्सन तोकिएको:**

स्थानीय तहसँग सम्बन्धित सवालहरुमा मन्त्रालयबाट निरन्तर सम्पर्कमा रही समन्वय गर्न र स्थानीय तहबाट सहजीकरण वा समस्या समाधानको लागि भएका अनुरोधहरुको विषयमा मन्त्रालयको सम्बन्धित महाशाखा वा शाखामा पुर्याई समाधान गर्न सहयोग पुर्याउन सङ्घीय मामिला महाशाखा प्रमुखको समन्वयमा रही काम गर्ने गरी प्रदेशगत रुपमा देहायका कर्मचारीहरुलाई फोकल पर्सन तोकिएको व्यहोरा जानकारी गराइन्छ ।

| सि नं | प्रदेश | फोकल पर्सनको नाम र पद | सम्पर्क नं | इमेल |
|---|---|---|---|---|
| १ | १ | श्री प्रल्हाद कुमार कार्की, उप-सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ९८५११५७४८५ | auchityapk@gmail.com |
| २ | २ | श्री ऋषिराज आचार्य, उप-सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ९८४१२९६९९० | acharya22005@gmail.com |
| ३ | बाग्मती | श्री महेन्द्रकुमार सापकोटा, उप-सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ९८४१२७९९८७ | mksapkota@gmailcom |
| ४ | गण्डकी | श्री बाबुराम भुसाल, उप-सचिव सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ९८४१३५३६८३ | baburam1@yahoo.com |
| ५ | ५ | श्री डिलाराम पन्थी, उप-सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ९८४१६१३२२८ | write2dila09@gmail.com |
| ६ | कर्णाली | श्री रामप्रसाद वाग्ले, उप-सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ९८५२०६११४५ | rpwagle2@gmail.com |
| ७ | सुदूरपश्चिम | श्री रेशमलाल कँडेल उप-सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ९८५१२१३८२३ | raysum1980@gmail.com |

समन्वय गर्ने महाशाखा प्रमुख र फोकल पर्सनहरुको जिम्मेवारी देहाय बमोजिम हुनेछ:

**सङ्घीय मामिला महाशाखा प्रमुखका कार्यहरु:**

- स्थानीय तहबाट प्राप्त गुनासो तथा सवालहरुको सहजीकरणको समग्र व्यवस्थापन गर्ने । सम्बन्धित प्रदेश अन्तरगतका स्थानीय तहबाट मन्त्रालय वा नेपाल सरकारबाट सहजीकरण वा निर्णय गर्नुपर्ने विषयहरु सम्बन्धित फोकल पर्सनलाई पठाउने व्यवस्था मिलाउने ।

- स्थानीय तहबाट अनुररोध भएका विषयमा सम्बन्धित फोकल पर्सनबाट प्राप्त विवरणको आधारमा आवश्यक निर्णयको लागि सहजीकरण गर्ने ।
- फोकल पर्सनहरुको समन्वय गर्ने र हरेक १५ दिनमा समीक्षा गरी सचिवज्यू तथा माननीय मन्त्रीज्यूलाई प्रतिवेदन गर्ने ।
- फोकल पर्सनहरुबाट सङ्कलन भएका विवरणहरुको एकीकृत विवरण तयार गर्न लगाउने ।
- स्थानीय तहमा भएका परिपत्र तथा नीतिगत निर्देशनहरुको सङ्कलन गरी प्रकाशन गर्न लगाउने ।
- स्थानीय तहसँग सम्बन्धित विषयमा नेपाल सरकारका निकायहरुबाट सुझावको लागि प्राप्त दस्तावेजहरुमा राय परामर्श दिने ।
- स्थानीय तहसँग सम्बन्धित विषयहरुमा स्थानीय तहका सङ्घ महासङ्घहरुसँग समन्वय र नियमित छलफल तथा अन्तरक्रिया गर्ने ।
- प्रदेश समन्वय परिषद वा अन्तर प्रदेश परिषदबाट सहजीकरण वा निर्णय हुनुपर्ने विषय भए विवरण तयार गरी सम्बन्धित परिषदमा पठाउने व्यवस्था मिलाउने ।
- आवश्यकता अनुसार सम्बन्धित स्थानीय तहको स्थलगत निरिक्षण गर्ने /गराउने व्यवस्था मिलाउने। रुपमा नै गई व्यवस्थापन सहजीकरण गर्ने।

**<u>फोकल पर्सनका कार्यहरु:</u>**

(क) **नियमित कार्यहहरु:**

- तोकिएको प्रदेश अन्तर्गतका स्थानीय तहहरुको आधारभूत विवरण सङ्कलन गर्ने ।
- स्थानीय तहबाट सहजीकरण वा निर्णयका लागि पठाइएका विषयहरु सङ्कलन गर्ने र विद्यमान अवस्थाको विवरण तयार गर्ने ।
- स्थानीय तहबाट सोधिएका विषयमा पहिलो सम्बन्धित पदाधिकारीसंग समन्वय गरी तत्काल परामर्श दिने । आफ्नो तहबाट सम्बोधन हुन नसक्ने विषयहरु सोही दिन सम्बन्धित महाशाखा प्रमुखलाई जानकारी गराउने ।
- निर्णयको लागि आवश्यक कागजातहरु सम्बन्धित स्थानीय तहसँग माग गरी सम्बन्धित शाखामा उपलब्ध गराउने र निर्णयको लागि सहजीकरण गर्ने ।
- तोकिएको प्रदेश अन्तर्गतका स्थानीय तहबाट आएका विषयहरुको टुङ्गो नलागेसम्म यथार्थ अवस्थाको बारेमा जानकारी राख्ने । र टुङ्गो लाग्नासाथ सम्बन्धित स्थानीय तहलाई जानकारी गराउने ।

(ख) विशेष कार्यहरु

Covid-19 को सजगता नियन्त्रण र रोकथामको लागि समन्वय सम्बन्धी देहायका कार्यहरु:

नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(स्थानीय तह समन्वय शाखा)

सिंहदरबार, काठमाडौं।

फोन नं: ०१-४२००५११

प सं:

च नं:

१. आफ्नो जिम्मेवारी तोकिएको प्रदेशका प्रत्येक स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतसँग प्रत्यक्ष सम्पर्क स्थापित गर्ने:

२. बुँदा नं (१) बमोजिम सम्पर्क स्थापित भएका प्रमुख प्रशासकीय अधिकृतहरुसँग दैनिक रुपमा देहाय बमोजिम गर्ने,

- प्रत्येक दिन संलग्न चेकलिष्ट बमोजिमको विवरण स्थानीय तहबाट सङ्कलन गर्ने,
- सङ्कलन गरेको विवरण प्रत्येक दिन दिनको २:०० बजे भित्र मन्त्रालयको विपद् सम्पर्क व्यक्ति (उप सचिव ऋषिराज आचार्य)लाई उपलब्ध गराउने,
- Covid-19 सँग सम्बन्धित अन्य कुनै सूचना वा जानकारी भए सोको समेत सङ्कलन गरी सङ्घीय मामिला महाशाखा प्रमुखलाई जानकारी गराउने,
- सम्बन्धित स्थानीय तहसँग कार्यालय समय बाहेकको समयमा समेत सम्पर्कमा रहने तथा प्राप्त सूचना तथा जानकारी अद्यावधिक गर्ने र जिम्मेवार पदाधिकारीलाई जानकारी दिने।

(बाबुराम अधिकारी)
सह सचिव

जानकारी एवम् आवश्यक कार्यार्थ

सह सचिव, श्री बसन्त अधिकारी
उप सचिव, श्री प्रल्हाद कुमार कार्की,
उप सचिव, श्री ऋषिराज आचार्य,
उप सचिव, श्री महेन्द्रकुमार सापकोटा,
उप सचिव, श्री बाबुराम भुसाल,
उप सचिव, श्री डिलाराम पन्थी,
उप सचिव, श्री रामप्रसाद वाग्ले,
उप सचिव, श्री रेशमलाल कँडेल,

सादर अवगतार्थ

माननीय मन्त्रीज्यू, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ।
श्रीमान् सचिवज्यू, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ।

बोधार्थ:

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं ।
श्री गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री स्थानीय तह (सबै) ।
श्री महाशाखा प्रमुखहरु (सबै) : सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ।